पाखीबास नगरपालिकाको

# एम्बुलेन्स संचालन ब्यावस्थापन सम्वन्धि कार्यबिधि २०७६

(पाखीबास नगर कार्यपालिकाको मिति २०७६/०७/०७ को बैठकबाट स्वीकृत )

पाखीबास नगर कार्यपालिकाको कार्यालय, पाखीबास

धनकुटा

पाखीबास नगरपालिकाको

**एम्बुलेन्स संचालन ब्यावस्थापन सम्वन्धि कार्यबिधि** २०७६

**प्रस्तावना :**

पाखीबास नगरपालिका क्षेत्रभित्र रहेका र नजिकै रहेका स्थानीय तहका बासिन्दाहरु बिरामी भएको अवस्थामा छिटो भन्दा छिटो उपचार गराउनको लागि सरल तरिकाले नजिकैको अस्पताल वा स्वस्थ्य संस्थासम्म पुऱ्याउन एम्बुलेन्स सेवा सन्चालन गर्न जरुरी भएकोले यस नगरपालिकाको चौथो नगरसभाले निर्णय गरेबमोजिम यसको व्यबस्थित सन्चालन, व्यबस्थापन र दिगोपनाको लागि छुट्टै कानूनी व्यबस्थागर्न बाञ्छानीय भएकोले स्थानीय सरकार सन्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि नगर कार्यपालिकाको मिति २०७६/०७/०७ वैठकवाट स्विकृत गरी यो कार्यविधि लागु गरीएको छ ।

**परिच्छेद १**

**संक्षिप्त नाम र प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधीको नाम "पाखीबास नगरपालिकाको एम्बुलेन्स संचालन कार्यविधी" २०७६ रहेको छ ।

(ख) यो कार्यबिधि नगर कार्यपालिकाले स्विकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) **एम्बुलेन्स** भन्नाले पाखीबास नगरपालिकाले बिरामी बोक्न संचालन गर्ने एम्बुलेन्स जनाउँछ ।

(ख) **ऐन** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई जनाउँछ ।

(ग) **नगरपालिका** भन्नाले पाखीबास नगरपालिकालाई जनाउँछ ।

(घ) **नगरसभा** भन्नाले पाखीबास नगरपालिकाको नगरसभालाई जनाउँछ ।

(ङ) **बोर्ड** भन्नाले नगरपालिकाको बोर्डलाई सम्झनु पर्दछ ।

(च) **समिति** भन्नाले एम्बुलेन्स संचालन र व्यबस्थापनका लागि गठन गरिएको संचालक समितिलाई जनाउँछ ।

(छ) **कर्मचारी** भन्नाले पाखीबास नगरपालिकाको कार्यलयमा कार्यरत स्थाई, अस्थाई वा करारमा कार्यरत कर्मचारीलाई जनाउँछ । यस शब्दले एम्बलेन्समा संलग्न अपरेटरलाई समेत जनाउँछ ।

(ज) **प्रमूख प्रशासकिय अधिकृत भन्नाले** पाखीबास नगरपालिकाको प्रशासकिय अधिकृत भई काम गर्ने पाखीबास नगरपालिका कार्यालय प्रमूख प्रशासकिय अधिकृतलाई जनाउँछ ।

(झ) **तोकिए वा तोकिए बमोजिम** भन्नाले पाखीबास नगरपालिकाको बोर्ड बैठकले निर्णय गरि समय समयमा तोकिदिए बमाजिम सम्झनु पर्दछ ।

## परिच्छेद-२
## एम्बुलेन्स संचालन संबन्धी व्यबस्था :

**३. उद्देश्य :**

१. यस नगरपालिका भित्रका भएका बासिन्दाहरुर नजिकमा रहेका स्थानीय तहका स्वस्थ्यमा समस्या भएकाहरुलाई सरल तरिकाले नजिकैको अस्पताल वा स्वस्थ्य संस्थासम्म पुऱ्याउने,

२. एम्बुलेन्स सेवालाई बिश्वासनियता, दिगो, भरपर्दो र प्रभावकारी बनाउने ।

**४. छनौट र प्राथामिक्ता :**

१. एम्बुलेन्सको उपभोगको लागि नगरपालिका क्षेत्र भित्रका बासिन्दाहरुलाई सेवा प्रदान गर्दाको सेवा शुल्क र अन्य स्थानीय तहका सेवाग्राहीहरुलाई लिईने शुल्कमा फरक हुने गरि कार्यविधीमा उल्लेख भए बमाजिमको रकम नगर कार्यपालिकाको बैठकबाट निर्णय भए पश्चात लागु हुनेछ ।

२. उपदफ (१) बमोजिम सेवा शुल्क लिदाँ सेवा उपभोग गर्ने बिरामी व्यक्तिको स्थाई ठेगनालाई आधार मानिनेछ ।

**५. संचालक समिति :**

१. एम्बुलेन्स सेवा संचालनको लागि ७ सदसीय १ समिति रहनेछ ।

२. उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् ।

क. प्रमुख प्रशासकिय अधिकृत - संयोजक

ख. प्रमुख ईलाका प्रहरी कार्यालय, पाखीबास - सदस्य

ग. सभापती रेडक्रस सोसाईटी, पाखीबास - सदस्य

ङ. वडा अध्यक्ष पाखीबास नगरपालिका वडा नं ४- सदस्य

च. प्रतिनिधी जिल्ला एम्बुलेन्स संचालन समिति, धनकुटा - सदस्य

छ. लेखापाल - सदस्य

ज. संयोजक स्वस्थ्य शाखा पाखीबास नगरपालिका, धनकुटा - सदस्य-सचिव

३. उप दफा २ बमोजिम तोकिएका संचालक समितिका सदस्यहरुको पदावधी सामान्यतय १ बर्षको हुनेछ । नगर कार्यपालिकाको बैठकले महशुस गरेमा ती सदस्यहरुको कार्यकाल थप गर्न सक्नेछ । तर यस खण्ड बमोजिम तोकिएका कुनै पनि सदस्यले लगातार २ वर्ष भन्दा बढि समय संचालक समितिमा रहि काम गर्न पाउने छैन । बिशेष कारणले कुनै सदस्यको म्याद थप गर्नु परेमा नगर कार्यपालिकाको निर्णय अनुसार गर्नु पर्नेछ ।

४. समितिको कुनै सदस्यले एम्बुलेन्सको प्रभावकारी संचालन र व्यवस्थापनमा बाधा पुग्ने गरि वा नगरपालिकाको हित बिपरित हुने गरि काम गरेको पाईएमा नगर कार्यपालिकाको बैठकले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

५. संचालक समितिको बैठक आवश्यक्ता अनुसार संयोजकले बोलाउने छ । समितिका पदाधिकारीहरुलेएम्बुलेन्स संचालन कोषको रकममध्येबाट प्रति बैठक रु १०००। (एक हजार) दरले मासिक बढीमा १ पटक बैठकका लागि बैठक भत्ता लिन पाउने छन् । तर एम्बुलेन्स संचालन कोषमा रकम नभएको अवस्थामा यस्तो भत्ता लिन पाउने छैन ।

## ६. काम कर्तब्य र अधिकार :

१. एम्बुलेन्स सेवा संचालन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क. नगरपालिकाको बोर्ड बैठकले निर्णय गरि कार्यन्वयनमा ल्याएको कार्यविधी बमोजिम एम्बुलेन्स दैनिक रुपमा संचालन भए नभएको अनुगमन गर्ने,

ख. एम्बुलेन्स संचालन भएको पटक एकीन गरि सो को अभिलेख अध्यावधिक गरि राख्ने,

ग. निर्णय नभएको कार्यमा एम्बुलेन्स प्रयोग भएको पाईएमा तत्काल एम्बुलेन्स फिर्ता गर्न लगाउने,

घ. तत्काल फिर्ता गर्न अटेर गरेको अवस्थमा प्रहरी प्रशासनको सहयोग लिई एम्बुलेन्स फिर्ता गर्न लगाउने,

ङ. अनाधिकृत प्रयोग भएको अवधिको लागि संचालक समितिले उचित जरिवाना लगाई असुल उपर गरि संचालन कोषमा जम्मा गर्न लगाउने,

च. कुनै ब्यक्ति वा संस्थाले एम्बुलेन्स भाडामा लिई संचालन गरेको अवस्थामा भाडा वापतको रकम असुल गरि कोषमा जम्मा गराउने,

छ. एम्बुलेन्स मर्मत सम्भार गर्नु पर्ने भनि अपरेटरले दिएको निबेदन उपर आवश्यक छानबिन गरि स्वीकृतीको लागि नगरपालिका प्रमुख समक्ष पेश गर्ने,

ज. एम्बुलेन्स संचालनमा खटिएको कर्मचारीहरुको कार्यसम्पादन क्षमता, एम्बुलेन्सको समुचित रेखदेख र ब्यवस्थापनमा निजहरुले खेलेको भुमिकाबारे नगरपालिकाको कार्यालयलाई सुझाव दिने,

झ. एम्बुलेन्सको प्रभावकारी व्यबस्थापन र संचालनका लागि आवश्यक देखेका अन्य बिषयहरुमा नगरपालिकाको कार्यालय र नगरपालिकाको बोर्डलाई आवश्यक सुझाव दिने र प्राप्त निर्देशन अनुरुप कार्य गर्ने ।

२. एम्बुलेन्स संचालक समितिका अन्य काम, कर्तव्य र अधिकारहरु नगरपालिकाको बोर्ड बैठकको निर्णय बमोजिम हुनेछन् । तर नगरपालिकाका सदस्यहरुको कार्यकाल समाप्त भई अर्को निर्बाचन नभए सम्म वा अन्य कारणले रिक्त रहेको अवधिको लागि एम्बुलेन्स संचालन प्रमुख प्रशासकिय अधिकृतले तोकि दिए बमोजिम हुनेछ ।

## परिच्छेद३
## कर्मचारी सम्बन्धी व्यवस्था कर्मचारी नियुक्ति

### ७. कर्मचारी नियुक्ति :

१. एम्बुलेन्स संचालनका लागि एक जन चालक (हल्का सवारी चालक प्रथम वा सो सरह) को एक जना कर्मचारी करार सेवामा भर्ना गरिने छ। एम्बुलेन्स चालक पदमा स्थायी नियुक्ति गरिने छैन।

२. उपदफा (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य आधार तयार गर्ने तथा कर्मचारी नियुक्ति सम्बन्धी सबै कार्य नगरपालिकाको कार्यालयले प्रचालित कानून अनुसार गर्नेछ।

### ८. पारिश्रमिक तथा सेवाको सर्तहरु :

१. एम्बुलेन्स चालकले हल्का सवारी चालक प्रथम तहको स्थानीय तहको कर्मचारीले पाए सरहको तलब पाउनेछ।

२. एम्बुलेन्स चालकले उपदफा (१) बमोजिम पाउने तलब बाहेक रात्रीकालिन एम्बुलेन्स संचालन भएको अवधीमा प्रति ट्रिप रु ५००/- का दरले थप भत्ता पाउनेछ।

३. एम्बुलेन्स चालकको तलब भत्ता तथा अन्य सुबिधा एम्बुलेन्स संचालन कोषबाट व्यहोरिने छ। यसको लागि नगरपालिकाको कोषबाट कुनै रकम व्यहारिने छैन।

### ९. आचरण :

१. एम्बुलेन्स चालकले देहाय बमोजिमका आचरणहरु पालना गर्नु पर्नेछ :

क. एम्बुलेन्सको उचित तरिकाले संचालन, रेखदेख र संरक्षण गर्ने,

ख. एम्बुलेन्स संचालन भएको अवधी र खपत भएको ईन्धनको दैनिक रुपमा अभिलेख राख्ने,

ग. एम्बुलेन्स संचालन गर्ने निर्णय भएको स्थान बाहेक अन्यत्र एम्बुलेन्स उपयोग गर्दा समितिको पूर्व अनुमति लिने,

घ. एम्बुलेन्सको नियमित सरसफाई, लुब्रिकेन्ट चेकअप तथा नियमित मर्मत संभारका लागि समुचित ध्यान दिने,

ङ. एम्बुलेन्स संचालनको क्रममा हुन सक्ने संभावित दुर्घट्ना तथा क्षति उपर सावधानी अपनाई एम्बुलेन्सको सुरक्षा गर्ने,

च. एम्बुलेन्सको दुर्घट्ना बीमा गराउने विषय तथा समयमा प्रिमियम बुझाए नबुझाएको विषयमा नगरपालिकाको आर्थिक प्रशासन शाखामा समायमा नै जानकारी गराउने,

छ. एम्बुलेन्स संचालनमा लैजानु पूर्व एम्बुलेन्स संचालन शुल्क बुझाउने गरि निकासा भएको अवस्थामा शुल्क वापतको रकम नगरपालिकामा दाखिला भए नभएको एकिन गर्ने,

ज. एम्बुलेन्स संचालनमा लैजानु पूर्व एम्बुलेन्सको अवस्था चेकजाँच गरि सरक्षा अवस्था एकिन गर्ने। असुरक्षित अवस्थामा एम्बुलेन्स सन्चालन नगर्ने।

झ. एम्बुलेन्स सेवा सन्चालन सम्बन्धमा सन्चालक समिति र प्रमुख प्रशासकिय अधिकृतले दिएको निर्देशनहरुको पालना गर्ने ।

## १०. अवकाश दिन सकिने :

१. आफ्नो पदको जिम्मेवारी राम्ररी पुरा नगरेको अवस्थामा एम्बुलेन्स चालकलाई समितिको निर्णयबाट जुनसुकै बखत पदबाट हटाउन सकिने छ ।

## परिच्छेद४
## मर्मत सम्भार सम्बन्धी व्यवस्था

## ११. सेवा शुल्क तथा ईन्धनको व्यवस्था :

१. नगरपालिका क्षेत्रभित्रका नगरबासीहरुले र नजिकका स्थानीय तहका नगरबासीहरुले एम्बुलेन्स भाडामा प्रयोग गर्दा लाग्ने सेवा शुल्क एम्बुलेन्स संचालन सम्वन्धि जिल्ला स्तरीय दर रेट समितिको निर्णयलाई आधार मानि कार्यपालिकाको बैठकले निर्णय गरे अनुसार हुनेछ ।

२. पाखीबास नगरभित्रका गर्भवति महिलालाई प्रसुती गराउनका लागि पाखीबास नगरपालिकाको प्रसुती केन्द्रसम्म ल्याउनका लागि मात्र एम्बुलेन्स निशुल्क रुपमा उपलब्ध गराईनेछ ।

३. पाखीबास नगरभित्रका ७० वर्ष भन्दामाथिका जेष्ठ नागरिक तथा ६० वर्ष माथिका दलित जेष्ठ नागरीकहरुलाई औषधि उपचार गराउनु परेमा सम्बन्धित स्वस्थ्य चौकीको सिफारिसमा धनकुटा अस्पतालसम्म पुऱ्याँउन मात्र एम्बुलेन्स निशुल्क रुपमा उपलब्ध गराईनेछ ।

४. क र ख वर्गको अपाङ्गलाई औषधि उपचार गराउनु परेमा सम्बन्धित स्वस्थ्य चौकीको सिफारिसमा धनकुटा अस्पतालसम्म पुऱ्याँउन मात्र एम्बुलेन्स निशुल्क रुपमा उपलब्ध गराईनेछ ।

५. विपन्न वर्गका नगरवासीलाई औषधि उपचार गराउनु परेमा सम्बन्धित स्वस्थ्य चौकीको सिफारिसमा धनकुटा अस्पतालसम्म पुऱ्याँउन मात्र एम्बुलेन्स निशुल्क रुपमा उपलब्ध गराईनेछ ।

६. उपदफा (१) बमोजिमको सेवा शुल्कबाट नगरपालिकाले एम्बुलेन्स मर्मत सम्भार, फ्युल लुब्रिकेन, अपरेटरको तलब भत्ता आदीको खर्च गर्न प्रयोग गर्नेछ ।

## १२. एम्बुलेन्स सन्चालन कोष :

१. एम्बुलेन्सको नियमित मर्मत सम्भार तथा कर्मचारीको तलब भत्ताको व्यबस्था गरि एम्बुलेन्सको नियमित सन्चालनलाई सुनिश्चित गर्न छुट्टै एक एम्बुलेन्स सन्चालन कोष खडा गरिनेछ ।

२. उपदफा (१) बमोजिम खडा गरिने एम्बुलेन्स सन्चालन कोषमा देहाय बमोजिमको रकम समेत जम्मा गरिनेछ ।

क. सेवा उपभोग गर्ने व्यक्ति वा संघसंस्थाबाट प्रप्त सेवा शुल्क बापतको रकम,

ख. भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडा बापत प्राप्त रकम,

ग. नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट एम्बुलेन्स सन्चालनका लागि प्राप्त रकम,

घ. अन्य दातृ निकायबाट प्राप्त अन्य कुनै अनुदान तथा सहयोग रकम आदी ।

**१३. कोषको सन्चालन र उपयोग :**

१. एम्बुलेन्स सन्चालन कोष प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सन्चालन गरिनेछ ।

२. एम्बुलेन्स सन्चालन कोषमा जम्मा भएको रकम एम्बुलेन्सको मर्मत सम्भार कर्मचारीहरुको तलव भत्ता तथा सन्चालक समितिको बैठक भत्ताका लागि खर्च गरिनेछ ।

## परिच्छेद-५
## विविध

**१४. लेखा र लेखा परिक्षण :**

१. एम्बुलेन्स सन्चालन कोषको आम्दानी र खर्चको लेखा आर्थिक प्रशासन ऐन तथा नियामावली अनरुप राखिनेछ ।

२. एम्बुलेन्स सन्चालन कोषको आम्दानी र खर्च हिसाब महालेखा परिक्षकको कार्यालयबाट खटिने लेखापरिक्षणबाट सालवसाली रुपमा लेखापरिक्षण गराईनेछ ।

**१५. विबादको समाधान :**

१. एम्बुलेन्स सन्चालन गरि सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विबाद उत्पन्न भएमा एम्बुलेन्स सन्चालक समितिले सम्बन्धित पक्षहरुसंग छलफल गरि समाधान गर्नेछ ।

२. एम्बुलेन्स सन्चालक समितिले समाधान गर्न नसकेको विबादहरु नगरपालिकाको बोर्डको निर्णयबाट समाधान गरिनेछ ।

**१६. भाडामा दिन सकिने :**

१. नगरपालिकाले कुनै व्यक्ति वा संस्थालाई एम्बुलेन्स सन्चालन गर्न दिन उपयुक्त देखिएमा एम्बुलेन्स सन्चालक समितिको सिफारिस गरेको अवस्थामा नगर कार्यपालिकाको बोर्ड बैठकको निर्णय गरि एम्बुलेन्स भाडामा प्रयोग गर्न दिन सकिनेछ ।

२. नगर कार्यपालिकाको बोर्ड बैठकले आवश्यक देखेमा सन्चालक समितिको सिफारिस नभएपनि एम्बुलेन्स भाडामा दिन सक्नेछ ।

३. उपदफा (१) बमोजिम एम्बुलेन्स भाडामा दिदाँ प्रति दिन वा महिनाको भाडा दर तथा अन्य सर्तहरु नगरपालिकाको बोर्डले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

**१७. कार्यविधीमा संशोधन :**

यस कार्यविधीमा आवश्यक संशोधन वा थपघट गर्नु परेमा नगर कार्यपालिकाको बोर्ड बैठकले निर्णय गरि थपघट वा संशोधन गर्न सक्नेछ ।

**१८. अन्य आवश्यक कुराहरु :**

एम्बुलेन्स प्रयोग शुल्क सन्चालक समितिले तयार गरि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि लागु गरिनेछ। यस्तो शुल्क निर्धारण नभएसम्मको लागि चलन चल्तीको भाडा दरलाई नै प्रयोगमा ल्याइनेछ।

**१९. प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधीमा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची- १

**एम्वुलेन्स संचालन अभिलेख**
**पाख्रीबास नगरपालिका**
**धनकुटा**

| मिति | सन्चालन भएको समय | | सेवाग्राहीको नाम | कैफियत |
|---|---|---|---|---|
| | ......बजे देखि | ..... बजे सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| रेकर्ड राख्ने : | रुजु गर्ने : | प्रमाणित गर्ने : | स्वीकृत गर्ने : |
|---|---|---|---|
| अपरेटर | प्रशासन शाखा | स्वस्थ्य संयोजक | प्रमुख प्रशासकिय अधिकृत |

अनुसूची- २

## एम्बुलेन्स मर्मत सम्भारसम्बन्धी अभिलेख
## पाखीबास नगरपालिका
## धनकुटा

| मिति | मर्मत खर्चको विवरण | | | जम्मा खर्च | मर्मत कम्पनी | कैफियन |
|---|---|---|---|---|---|---|
| | सामान | ज्याला | लुब्रिकेन्टस | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | |
|---|---|---|
| रेकर्ड राख्ने : | प्रमाणित गर्ने : | स्वीकृत गर्ने : |
| जिन्सी शाखा | स्वस्थ्य संयोजक | प्रमुख प्रशासकिय अधिकृत |

## अनुसूची -३

## भाडामा लिनेदिने सम्झौता-पत्र

पाख्रीबास नगरपालिका (जसलाई पछि प्रथम पक्ष भनिनेछ) र ................ बस्ने श्री ................. (यस पछि दोश्रो पक्ष भनिनेछ) बीच धनकुटा जिल्ला ............... न.पा वडा नं ......मा ........ एम्बुलेन्स सेवा प्रदान गर्ने प्रयोजनका लागि एम्बुलेन्स भाडामा लिने दिने सम्वन्धमा निम्न अनुसारको सर्तहरु दुबै पक्षले पूर्ण रुपमा पालना गर्न मञ्जुर भई यो सम्झौता पत्रमा सहीछाप गरि लियौ दियौ ।

**सर्तहरु**

१. एम्बुलेन्स भाडामा लिने (दोश्रो पक्षका) श्री ........................ ले एम्बुलेन्स भाडामा लिदा एम्बुलेन्स सन्चालनमा आएपछि प्रतिदिन रु ........... का दरले प्रथम पक्षलाई भाडा तिर्ने गरि भाडामा प्रयोग गर्नु पर्नेछ ।

२. यो सम्झौता मिति २०७ ............गते देखि २०७ ......... गते सम्म लागु हुनेछ ।

३. सम्झौताको अवधी भन्दा बढी एम्बुलेन्स प्रयोग गर्नु परेमा दोश्रो पक्षले प्रथम पक्षलाई निबेदन दिई अनुरोध गरेमा थप समयमा पनि सम्झौता गरि प्रयोग गर्न सकिनेछ ।

४. दोश्रो पक्षले एम्बुलेन्स भाडामा लिनु पूर्व भाडामा लिएको अवधीको सम्पूर्ण रकम नगरपालिकाको कार्यालय पाख्रीबासमा धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले एम्बुलेन्स सन्चालनमा ल्याउने सम्झौता अवधीभर अपरेटरलाई बस्ने बासको व्यबस्था गरिदिनु पर्नेछ ।

६. एम्बुलेन्स सन्चालन अवधीमा एम्बुलेन्सको मर्मत तथा सर्भिसिङ्ग दोश्रो पक्षले नै गर्नेछ ।

७. यो सम्झौता सम्पन्न भै एम्बुलेन्स दोश्रो पक्षले जिम्मा लिई सकेपछि कार्यालयमा फिर्ता नबुझाउदा सम्म सो को पूर्ण जिम्मेवारी दोश्रो पक्षले नै लिनु पर्नेछ ।

८. यो सम्झौता गरि तोकिएको अवधीको लागि लगिएको एम्बुलेन्स समय समाप्त भएपछि पनि नबुझाएमा दोश्रो पक्षले भाडा बाहेक दैनिक रु ........ का दरले प्रथम पक्षलाई थप हर्जना सहित तिर्नु पर्नेछ ।ग

९. एम्बुलेन्स प्रयोग गरे बापत कुनै सरकारी कर तिर्न पर्ने भएमा परेमा दोश्रो पक्षले नै तिर्नु पर्नेछ ।

| **भडामा लिने व्यक्ति/संस्थाको तर्फबाट** | **कार्यालयको तर्फबाट** |
|---|---|
| नाम : | नाम : |
| ठेगना : | पद : प्रमुख प्रशासकिय अधिकृत |
| दस्तखत : | दस्तखत |